# काावासोती नगरपालिकाको मिडिया प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधि,२०८३

कावासोती नगरपालिका नगरकार्यपालिकाको बैठक बाट मिति २०८३/०१/२० मा स्वीकृत भएको यो कार्यविधिकावासोतीनगरपालिका"**कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली२०७५**", को नियम (४)को उपनियम (१) बमोजिमप्रमाणीकरण गर्दछु ।

(महेश पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८३/१/२३

कावासोती नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

## कावासोती नगरपालिकाको मिडिया प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधि,२०८३

### प्रस्तावना:-

कावासोती नगरपालिका, नगर कार्यापालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयहरुबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका कामकाज,सार्वजनिक महत्वका निर्णय, नीतिगत विषय लगायत नगरपालिकाको क्षेत्रभित्र रही प्रकाशन/प्रशारण गर्ने विभिन्न सञ्चार माध्यमबाट आम नागरिकलाई सु-सुचित गराउन र जनताको संविधान प्रद्धत सूचनाको हक सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्न सञ्चालन गरिने स्थानीय मिडियासँग मिडिया प्रवर्दन कार्यक्रमलाई सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकाले कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४(१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कावासोती नगरपालिकाद्धारा यो कार्यविधि निर्माण गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **कावासोती नगरपालिकाको मिडिया प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधि,२०८३**"रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधि कावासोती नगरपालिका भित्र लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“नगरपालिका”** भन्नाले कावासोती नगरपालिकालाई जनाउने छ ।

(ख) **“प्रमुख”** भन्नाले कावासोती नगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(ग) **“उप-प्रमुख”** भन्नाले कावासोती नगरपालिकाको उप-प्रमुखलाई जनाउने छ ।

(घ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले कावासोती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(ङ) **“कार्यालय”** भन्नाले कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सोही पालिका अन्तर्गतका विषयगत शाखा र वडा कार्यालय समेत सम्झिनु पर्दछ।

(च) **“कार्यक्रम”** भन्नाले मिडिया प्रर्वधन कार्यक्रम सम्झनु पर्दछ।

(छ) **“सञ्चार माध्यम”** भन्नाले कावासोती नगरपालिका भित्र स्थायी ठेगाना उल्लेख भई कावासोती नगरपालिकाबाट सञ्चालन भएको सञ्चार माध्यमसम्झनु पर्दछ।

(ज) **“प्रकाशन संस्था”**भन्नाले समाचार पत्र, पत्रिका र अन्य छापा सञ्चार सम्झनु पर्छ।

(झ) **“प्रसारण संस्था”** भन्नाले प्रचलित कानून बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजत पत्र प्राप्त रेडियो एफ.एम. तथा टेलिभिजन सम्झनुपर्छ।

(ञ) **“लोक कल्याणकारी विज्ञापन”** भन्नाले यस कार्यविधि बमोजिम सञ्चार माध्यमलाई प्रकाशन वा प्रसारणको लागि उपलव्ध चेतनामूलक एवं सन्देशमूलक सामग्री सम्झनु पर्छ।

**३. मिडिया प्रर्वधन कार्यक्रम ढाँचा**:(१) यस कार्यक्रम अन्तर्गत कावासोती नगरकार्यपालिकाको सार्वजनिक महत्वका सूचना, जानकारी महत्वका सूचना, जानकारी, तथ्याङ्क, प्रतिवेदन तथा कार्य फर्छयौटको बारेमा जनतालाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा जानकारी गराउनको लागि पत्रिका, अनलाईन मिडिया, स्थानीय रेडियो र टेलिभिजनबाट मासिक, पाक्षिक र दैनिक रुपमा देहायका कार्यक्रमहरु सञ्चालन तथा सूचना सम्प्रेषण गर्न सकिनेछ।

(२) टेलिभिजन, पत्रिका अनलाईन मिडिया मार्फत निम्नलिखित कार्यक्रम सञ्चालन तथा सूचना सम्प्रेषण गर्न सकिनेछ।

(क) लोक कल्याणकारी सूचना र जानकारी तथा सन्देशमूलक सूचना ।

(ख) नगरपालिकाको गतिविधीका सम्बन्धमा जिम्मेवार व्यक्तिसँगको भलाकुसारी र अन्तरवार्ता (नगरपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमुख र वडाध्यक्ष)

(ग) नगरपालिकाको गतिविधिको आवधिक प्रकाशन( मासिक प्रगति, सम्पन्न कार्यक्रम र उपलब्धी आदि)

(घ) कुनै आयोजना वा परियोजना विशेषको समालोचनात्मक टिप्पणी सहितको सामग्रीको तयारी प्रकाशन रेडियो टेलिभिजन मार्फत कार्यक्रम सञ्चालन तथा सम्प्रेषण गर्न सकिनेछ।

(ङ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नगरपालिकाले अनिवार्य रुपमा ३-३ महिनामा प्रकाशन, प्रसारण गर्नुपर्ने सार्वजनिक सरोकारका सूचनाहरु ।

(च) नगरपालिकाले यस दफा मा उल्लेखित कार्यक्रम उत्पादन गर्नको लागि विभिन्न शर्तहरुका अधिनमा रहि अनुसूची -५ बमोजिमको ढाँचामा सञ्चार माध्यम सँग सम्झौता गर्नु पर्नेछ ।

(छ) दफा ११ बमोजिम नगरपालिकांसँग सम्झौता गर्ने सञ्चार माध्यमले मासिक रुपमा अनुसूची -८ बमोजिमको ढाँचामा प्रतिवेदन पेस गर्नु पर्नेछ।

**४. लोककल्याणकारी विज्ञापन संकलनः-** (१) नगरपालिकाका विभिन्न शाखाले लोककल्याणकारी विज्ञापन सामग्री प्रकाशन वा प्रशारण गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन तथा नगरपालिकाले आवश्यक ठानेका विज्ञापन सामग्री प्रकाशन वा प्रसारणको लागि सूचीकृत भएका सञ्चार माध्यमलाई उपलब्ध गराउने छ।

**५. सूचना प्रकाशनः** (१)विज्ञापन प्रकाशन वा प्रसारण गर्ने प्रयोजनको लागि सञ्चार माध्यमलाई सूचीकृत गर्न नगरपालिकाले पन्ध्र दिनको समय दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन प्रकाशन वा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले अनुसूची-२ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न राखी रीतपूर्वक निवेदन दिनु पर्नेछ।

(क) प्रचलित कानुन बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र/अनुमती पत्र नवीकरण भएको प्रमाण।

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी।

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण।

(ङ) संस्थाको प्रबन्धपत्र/विधान/ नियमावलीको प्रतिलिपि/कानूनी आधार।

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखा परीक्षण प्रतिवेदन।

(छ) सञ्चार माध्यम नियमित सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण।

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र।

(झ) अनलाइन सञ्चार माध्यमको हकमा सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृत भएको प्रमाणपत्र तथा नविकरण कावासोती नगरपालिकामा दर्ता भएको प्रमाण पत्र तथा नविकरण ।

(ञ) प्रसारण माध्यमहरुले दश प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण गरेको , टेलिभिजनको हकमा इजाजत अनुसार केबुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा तीन सय दिन नियमित प्रसारण भएको, दैनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा तीन सय दिन प्रकासन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा चालिस अंक प्रकाशन भएको, स्वघोषणा पत्र।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र तथा उपदफा (२) बमोजिमको कागजात पेश नगर्ने सञ्चार माध्यमलाई यस कार्यविधि बमोजिम लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन।

**६. मिडिया प्रवर्द्धन कार्यक्रम कार्यविधी सिफारिस समितिः-** (१) दफा(५)बमोजिम रीतपूर्वक प्राप्त दरखास्त उपर छानविन तथा मूल्याङ्कन गरी लोककल्याणकारी विज्ञापन वितरणका लागि सञ्चार माध्यमलाई सूचिकृत गर्न देहाय बमोजिमको समिति रहने छः-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| योजना शाखा प्रमुख | -सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| प्रशासन शाखा प्रमुख | -सदस्य |
| सूचना प्रविधि शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्ने छ।

(३) समितिले छानविन तथा मूल्याङ्कन गर्दा दफा (४) को उपदफा (२) बमोजिमका कागजातहरुलाई आधार लिनु पर्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सञ्चार क्षेत्रका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिले छानविन तथा मूल्याङ्कन गरी गरेको निर्णय कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(६) बैठक बसेबापत उपदफा (१) बमोजिमका पदाधिकारीहरुलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराईनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकारः-** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विज्ञापन प्रसारणका लागि बोर्डमा सिफारिस गर्ने।

(ख) विज्ञापनको प्राथमिकताक्रम, समयतालिका तथा प्रसारणको भूगोल वा क्षेत्र निर्धारण गर्न बोर्ड समक्ष सिफारिस गर्ने।

(ग) आवश्यकता अनुसार लोक कल्याणकारी विज्ञापन निर्माण तथा प्रसारणलाई व्यवस्थित गर्न समिति समक्ष सिफारिस गर्ने।

(घ) पालिकाबाट प्राप्त हुने लोक कल्याणकारी विज्ञापन प्रसारणको लागि समितिमा सिफारिस गर्ने।

**८. विद्युतीय सञ्चारमाध्यमको सूचिकरण तथा नवीकरण**:- (१) विद्युतीय सञ्चारमाध्यमले विज्ञापन कारोबार गर्न समितिमा सूचिकरण गरी प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युतीय सञ्चारमाध्यमले सूचीकरण गर्न देहायका कागजात सहित आवेदन दिनुपर्नेछ।

(क) प्रचलित कानुन बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपी।

(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र/अनुमती पत्र नवीकरण भएको प्रमाण।

(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी।

(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण।

(ङ) संस्थाको प्रबन्धपत्र/विधान/ नियमावलीको प्रतिलिपि/कानूनी आधार।

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखा परीक्षण प्रतिवेदन।

(छ) सञ्चार माध्यम नियमित सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण।

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र।

(झ) अनलाइन सञ्चार माध्यमको हकमा सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृत भएको प्रमाण।

(ञ) नियमित प्रसारणमा रहेको प्रमाण वा स्वघोषणा ।

(३) सूचिकृत सञ्चारमाध्यमले नवीकरणका लागि देहायका कागजात पेश गर्नुपर्नेछः-

(क) इजाजतपत्र तथा लाइसेन्सको नवीकरण।

(ख) करचुक्ताको प्रमाणपत्र

(ग) लेखापरीक्षण प्रतिवेदन तथा नगरपालिकामा दर्ता तथा नविकरण प्रमाणपत्र

**९. सूचिकृत गर्ने**: (१) समितिको प्रतिवेदनको आधारमा प्रमुख प्रशासकीय अधिकृतले लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारणको लागि सञ्चार माध्यमको सूचिकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत भएको जानकारी नगरपालिकाको वेवसाइटमा प्रकाशन गरिनेछ।

**१०. विज्ञापनको दररेट**: (१) लोककल्याणकारी विज्ञापनको प्रकासन वा प्रसारण गर्ने समय तालिका र लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गरे बापतको दररेट अनुसूची-३ बमोजिम हुनेछ।

(२) नगरपालिका क्षेत्रभित्र प्रकाशन र प्रसारण गर्ने सूचीकृत सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापनको लागि वार्षिक रुपमा कर वाहेक एकमुष्ट देहाय बमोजिम नबढ्ने गरी रकम उपलब्ध गराइने छः

(क) एफ.एम. रेडियो तर्फ

(१) १०० वाटसम्म पैतिस हजार रुपैयाँ ।

(२) ५०० वाटसम्म चालिस हजार रुपैयाँ ।

(३) सो भन्दा माथि पैतालिस हजार रुपैयाँ ।

(ख) टेलिभिजन तर्फ चालीस हजार रुपैयाँ ।

(ग) पत्रपत्रिका तर्फ

(१) साप्ताहिक प्रकाशन चालीस हजार रुपैयाँ।

(२) दैनिक प्रकाशन पचास हजार रुपैयाँ।

(घ) अनलाइन सञ्चार माध्यम/ मासिक/त्रैमासिक पत्रिका तिस हजार रुपैयाँ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै कम्पनी वा संस्थाको दुई वा सोभन्दा बढी सञ्चार माध्यम भएमा एउटा सञ्चार माध्यमलाई मात्र लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छ।

(४) नगरपालिका क्षेत्र भन्दा बाहिरको सञ्चार माध्यम र वार्षिक मुखपत्र/प्रकाशनलाई आवश्यकता र औचित्यको आधारमा नगरपालिकाले बीस हजार रुपैयाँमा नबढाई विज्ञापन दिन सक्नेछ। तर त्यस्ता सञ्चार माध्यम वा संघ संस्थाले नगरपालिकाको स्वीकृती बिना कुनै किसिमको विज्ञापन प्रकाशन तथा प्रसारण गरेमा सोको भुक्तानी दिन नगरपालिका बाध्य हुने छैन।

**११.सम्झौता गर्ने :** (१) सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्न सूचीकृत भएको मितिले पन्ध्र दिनभित्र अनुसूची -४ बमोजिमको ढाँचाको निवेदन दिई अनुसूची ५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) सम्झौता गर्दा सञ्चालक स्वयं उपस्थित हुनुपर्नेछ। सञ्चालक उपस्थित हुन नसकेमा अनुसूची -६ बमोजिमको पत्र सहित सम्झौता गर्न प्रतिनिधि खटाउन सक्नेछ।

(३) सम्झौता बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण नगर्ने सञ्चार माध्यमलाई सम्झौता उपलब्ध गराएको मितिले दुई वर्षसम्म लोककल्याणकारी विज्ञापनमा सहभागी गराइने छैन।

**१२. विज्ञापन उपलब्ध गराउने:** स्वीकृत बजेटको अधिनमा रही दफा ८ बमोजिम सम्झौता गरेका सञ्चार माध्यमहरुलाई नगरपालिकाले लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने छ।

**१३. प्रकाशन वा प्रसारण गर्ने:** दफा ९ बमोजिम प्राप्त लोककल्याणकारी विज्ञापन सञ्चार माध्यमले सम्झौता बमोजिम प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

**१४. भुक्तानी गर्ने:** (१) सञ्चार माध्यमले देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची -७बमोजिमको ढाँचामा प्रकाशन वा प्रसारण सम्पन्न गरेको दश दिन भित्र भुक्तानीको लागि नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(क) रसिद/बिल

(ख) पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापन प्रकाशित भएको अङ्ग (सक्कलै)।

(ग) रेडियो /एफ. एम. रेडियोको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको अडियो संलग्न पेन ड्राइभ वा सि.डि वा प्रसारण प्रमाणपत्र,

(घ) टेलिभिजनको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको भिडियो संलग्न पेन ड्राइभ वा सि.डि वा प्रसारण प्रमाणपत्र,

(ङ) अनलाइन सञ्चार माध्यमको हकमा स्किन सटको प्रिन्ट प्रति,

(च) सम्झौता पत्रको प्रतिलिपि,

(छ) राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकको खाता नं. देखिने चेकको प्रतिलिपि,

(२) नगरपालिकाले सञ्चार माध्यमलाई रकम भुक्तानी गर्दा नियमानुसारको कर कट्टी गरी सञ्चार माध्यम सञ्चालन गर्ने संस्था वा सञ्चार माध्यमको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

(३) यो कार्यावधि अनुसार लोककल्याणकारी विज्ञापन वितरण प्रक्रिया पूरा नगरेका वा उपदफा (१) बमोजिमका कागजात सहित समयमै रीतपूर्वक निवेदन नदिएमा नगरपालिकाबाट लोककल्याणकारी बिज्ञापनको रकम भुक्तानी हुने छैन ।

**१५. निर्देशन दिने**: संवैधानिक र प्रचलित कानूनसँग नबाझिने गरी सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार माध्यमको कर्तव्य हुनेछ।

**१६. बाधा अड्काउ फुकाउने**: यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगरपालिकाले प्रचलित कानुनको अधिकनमा रही त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**१७. अनुसूचीमा हेरफेर**: नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

**१८. कार्यविधिको बचाउ र खारेज**:यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यकता र औचित्यको आधारमा आवाश्यक  संशोधन वा खारेज गर्न सक्नेछ।

**१९. प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा लेखिएको बिषयबस्तु यसै कार्यविधी अनुसार र उल्लेख नभएका बिषयबस्तु प्रचलित कानुन वमोजिम हुनेछ ।

**अनुसूची-१**

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**लोककल्याणकारी विज्ञापनको सूचनाको ढाँचा**

लोककल्याणकारी विज्ञापनमा सहभागी हुनुको लागि सञ्चार माध्यमलाई सूचिकरण गर्न दरखास्त आह्वान गरिएको कावासोति नगरपालिका नगर कार्यपालिकाको सूचना ।

प्रकाशन मितिः

आ.व. ................................मा सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रमको लागि सूचिकृत गर्ने प्रयोजनार्थ कावासोती नगरपालिकामा कार्यरत सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२ को अनुसूची -२ को ढाँचामा पन्ध्र दिनभित्र दरखास्त दिन यो सूचना प्रकाशन गरिएको छ । साथै लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२ नगरपालिकाको वेवसाइट.......................................... मार्फत प्राप्त गर्न सकिने छ।

## अनुसूची-२
### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
### लोककल्याणकारी विज्ञापनका लागि आवेदन दिने दरखास्तको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू मितिः
कावासोती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कावासोती, नवलपरासी (ब.सू.पू)

**विषयः** सूचिकृत गरी विज्ञापन प्रकाशन/प्रसारणमा सहभागी गराई पाउँ।

उपरोक्त विषयमा मिति.............................. मा तहाँ कार्यालयबाट आह्वान भएको सूचना बमोजिम लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रममा सहभागी गराई पाउन यस कार्यविधिको दफा ......को उपदफा........मा उल्लेखित कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

१. निवेदन दिने सञ्चार माध्यमको विवरणः-

नामः-
ठेगानाः-
फोन नं.
इमेल ठेगानाः-
सञ्चालकको नामः-
सञ्चार माध्यमको प्रकारः-
(क) पत्र पत्रिका
(ख) रेडियो/एफ.एम.
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नं.
इमेल ठेगानाः-
संस्थाको छाप
सञ्चालक वा आधिकारिक व्यक्तिको नाम र दस्तखतः

**संलग्न कागजातहरु**

(क) प्रचलित कानून बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रचलित कानून बमोजिम लिइएको इजाजत पत्र/अनुमति पत्र नविकरण भएको प्रमाण,
(ग) संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(घ) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विविरण।
(ङ) संस्थाको प्रबन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि/ कानूनी आधार,

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखा परिक्षण प्रतिवेदन,

(छ) सञ्चार माध्यम नियमित सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाण,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार भू-सतही, भू-उपग्रह तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र,

(झ) अनलाइन सञ्चार माध्यमको हकमा सूचना तथा प्रसारन विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृता भएको प्रमाण,पत्र तथा नविकरण स्थानिय तहमा दर्ता तथा नविकरण

(ञ) प्रसारण माध्यमहरुले दश प्रतिशतभन्दा बढी कार्यक्रमहरु रिले प्रसारण गरेको, टेलिभिजनको हकमा इजाजत अनुसार केवुल तथा स्याटलाइटबाट प्रसारण भएको, प्रसारण संस्थाको हकमा वर्षमा कम्तिमा तीन सय दिन नियमित प्रसारण भएको, देनिक प्रकाशनको हकमा वर्षमा कम्तिमा तीन सय दिन प्रकाशन भएको र साप्ताहिक प्रकाशनको हकमा वर्षमा कम्तिमा चालिस अंक प्रकाशन भएको,स्वघोषणा पत्र।

## अनुसूची-३
### (दफा १० को उपदफा (१) सँग सम्बन्धित)
### लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रशारण गर्ने समय तालिका र दररेट

मूल्य अभिवृद्धि कर सहितको दररेट

(क) पत्रपत्रिका तर्फ प्रति अंक

| स्थान | प्रकार (साइज) | रङ्ग | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| कभर पृष्ठ | पुरा | रङ्गिन | १०,०००-। | |
| कभर पृष्ठ | आधा | रङ्गिन | ५,०००-। | |
| कभर पृष्ठ | एक चौथाइ | रङ्गिन | २,५००-। | |
| भित्री पृष्ठ | पुरा | रङ्गिन | ८,०००-। | |
| भित्री पृष्ठ | आधा | रङ्गिन | ४,०००-। | |
| भित्री पृष्ठ | एक चौथाइ | रङ्गिन | २,०००-। | |
| भित्री पृष्ठ | पुरा | स्यामस्वेत | ६,०००-। | |
| भित्री पृष्ठ | आधा | स्यामस्वेत | ३,०००-। | |
| भित्री पृष्ठ | एक चौथाइ | स्यामस्वेत | २,०००-। | दैनिक पत्रिका |
| भित्री पृष्ठ | एक चौथाइ | स्यामस्वेत | १,५००-। | साप्ताहिक पत्रिका |

नोटः (१) कम्तिमा एउटा सूचना कभर पृष्ठमा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ।

(ख) रेडियो/एफ.एम.रेडियो तर्फ(प्रति मिनेट) रु

| समयको वर्गीकरण | ५०० वाटभन्दा माथिको | ५०० वाटसम्म | १०० वाटसम्म |
|---|---|---|---|
| सुपर प्राइम | रु.४००।- | रु. ३५०।- | रु.३००।- |
| प्राइम | रु.३५०।- | रु.३००।- | रु.२५०।- |
| सामान्य | रु.३००।- | रु. २५०।- | रु. २००।- |

नोटः कम्तिमा एउटा सूचना सूपर प्राइम समयमा अनिवार्य रुपमा गर्नु पर्नेछ।

(ग) टेलिभिजन तर्फ (प्रति मिनेट) रु.

| समयको वर्गिकरण | रकम रु. |
|---|---|
| सुपर प्राइम | रु. १,५००।- |
| प्राइम | रु. १,२००।- |
| सामान्य | रु. ९००।- |

नोटः कम्तिमा एउटा सूचना सूपर प्राइम समयमा अनिवार्य प्रसारण गर्नु पर्नेछ।

(घ) अनलाइन सञ्चार माध्यम तर्फ प्रति विज्ञापन

- गृह पृष्ठको लागि रु. ६००।–
- भित्र पृष्ठको लागि रु. ४००।–

नोटः कम्तिमा पचास प्रतिशत सूचना गृह पृष्ठमा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ।

## अनुसूची-४
### ( दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
### लोककल्याणकारी विज्ञापनका लागि सम्झौता गरिपाउँ भन्ने निवेदनको ढाँचा

मिति

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
कावासोती नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,
कावासोती, नवलपरासी ( ब.सू.पू)

**विषय:** लोककल्याणकारी विज्ञापनको लागि सम्झौता गरिपाउँ भन्ने सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ............................गते प्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रममा सहभागी हुन सूचीकृत भएकोले नियमानुसार सम्झौता गर्नको लागि अनुरोध छ।

संस्थाको नामः
ठेगानाः
फोन नं.
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः

(क) पत्र पत्रिका
(ख) रेडियो/एफ.एम.
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नं.
इमेल ठेगानाः-

...........................
संस्थाको छाप

...................................
सञ्चालक वा आधिकारिक
व्यक्तिको नाम र दस्तखत

**अनुसूची-५**
**(दफा ११ को उपदफा (१) सँग सम्बन्धीत)**
**लोककल्याणकारी विज्ञापनका लागि सम्झौताको ढाँचा**

आज मिति...........................का दिन कावासोती नगरपालिका यस पछि प्रथम पक्ष भनिएको र....................................यस पछि दोस्रो पक्ष भनिएको बीच लोककल्याणकारी विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सन्दर्भमा तपसिलका शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षलाई लोककल्यानकारी विज्ञापन उपलब्ध गराउने वा दोस्रो पक्ष आफैले नगरपालिकाका गतिविधि तयार गरी प्रथम पक्षको अनुमति लिई विज्ञापन प्रकाशन/प्रसारण गर्न सक्नेछ।
२. नं. १ अनुसार तयार भएको लोककल्याणकारी विज्ञापन दोस्रो पक्षले आफ्नो सञ्चार माध्यममा प्राथमिकता दिई प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।
३. सामान्यतः दोस्रो पक्षले लोककल्याणकारी विज्ञापन प्रकाशित गर्न सातामा कुनै एक बार तोक्नु पर्नेछ।
४. दोस्रो पक्षले दफा.......को उपदफा ......बमोजिमको समयावधि भित्रमा अनुसूची-....बमोजिमको ढाँचामा भुक्तानीको लागि निवेदन दिनु पर्नेछ।
५. दोस्रो पक्षले निर्धारित समयमा भुक्तानीको लागि निवेदन पेश नगरेमा प्रथम पक्षा भुक्तानीको लागि बाध्य हुने छैन।
नोटः आवश्यकता अनुसार अन्य बुँदाहरु थप गर्न सकिनेछ।

| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
| --- | --- |
| हस्ताक्षरः- | हस्ताक्षरः- |
| नामः- | नामः- |
| पदः- | पदः- |
| ................................. | कावासोती नगरपालिकाको कार्यालय |
| गण्डकी प्रदेश, नवलपरासी( ब.सु.पू) | गण्डकी प्रदेश, नवलपरासी( ब.सु.पू) |
| संस्थाको छाप | छापः |

इति सम्बत्.................साल.............महिना............गते रोज...............शूभम।

**अनुसूची-६**
**(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)**
**प्रतिनिधि तोकिएको**

मितिः

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
कावासोती नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,
कावासोती, नवलपरासी ( ब.सू.पू)

**विषयः** प्रतिनिधि तोकिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति ..............................गते प्रकाशित सूचना बमोजिम लोककल्याणकारी विज्ञापन कार्यक्रममा सहभागी हुन सूचीकृत भएकोले नियमानुसार सम्झौता गर्नको लागि श्री...............................लाई प्रतिनिधि तोकिएको व्यहोरा अनुरोध छ।

संस्थाको नामः
ठेगानाः
फोन नं.
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः

(क) पत्र पत्रिका
(ख) रेडियो/एफ.एम.
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नं.
इमेल ठेगानाः-

............................ ....................................

संस्थाको छाप

सञ्चालक वा आधिकारिक
व्यक्तिको नाम र दस्तखत

**अनुसूची-७**
**(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)**
**भुक्तानी पाउँ भन्ने निवेदनको ढाँचा**

मिति

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
कावासोती नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,
कावासोती, नवलपरासी ( ब.सू.पू)

**विषयः** भुक्तानी पाउँ भन्ने सम्बन्धमा।

प्रस्तुत विषयमा लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८२ बमोजिम रु................................ बराबरको लोककल्याणकारी विज्ञापन प्रकाशन/प्रसारण गरेको हुँदा देहाय बमोजिमका कागजात संलग्न गरी नियमानुसार भुक्तानी पाउन अनुरोध छ। साथै लोककल्याणकारी विज्ञापन प्रकाशन/प्रसारण गरेको समय तालिका देहाय बमोजिम रहेको प्रमाणित गर्दछु। प्रमाणित कागजात झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

संस्थाको नामः
ठेगानाः
फोन नं.
इमेल ठेगानाः
सञ्चालकको नामः
सञ्चार माध्यमको प्रकारः

(क) पत्र पत्रिका
(ख) रेडियो/एफ.एम.
(ग) टेलिभिजन
(घ) अनलाइन सञ्चार माध्यम
मोवाइल नं.
इमेल ठेगानाः-

............................ ....................................

संस्थाको छाप

सञ्चालक वा आधिकारिक
व्यक्तिको नाम र दस्तखत

**देहाय १ संलग्न कागजात**

(क) रसिद/ बिल

(ख) पत्रपत्रिकाको हकमा लोककल्याणकारी विज्ञापनको प्रकाशित भएको अङ्क ( सक्कलै),

(ग) रेडियो/एफ.एम. रेडियोको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको अडियो संलग्न पेन ड्राइभ वा सि.डि. वा प्रसारण प्रमाणपत्र।

(घ) टेलिभिजनको हकमा प्रसारित लोककल्याणकारी विज्ञापनको भिडियो संलग्न पेन ड्राइभ वा सि.डि. वा प्रसारण प्रमाणपत्र।

(ङ) अनलाइन सञ्चार माध्यमको हकमा स्क्रिन सटको प्रिन्ट प्रति,

(च) सम्झौता पत्रको प्रतिलिपि,

(छ) राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकको खाता नं. देखिने चेकको प्रतिलिपि,

देहाय २ समय तालिका

(क) प्रसारण माध्यमको लागि

| सि.न. | प्रसारण गरेको मिति | समय(सुपरप्राइम/प्राइम/सामान्य) | प्रसारण अवधि मिनेटमा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(ख) प्रकाशन माध्यमको लागि

| सि.नं. | प्रकाशन गरेको मिति | अंक | प्रकाशन पृष्ठ/साइज र रङ्ग | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-८**

**दफा ३ को उपदफा (२)(छ) सँग सम्बन्धीत**

**............................रेडियो/टेलिभिजन/पत्रिका**

**कार्यक्रम/ सूचना सम्प्रेषण सम्बन्धी प्रतिवेदन**

**आ.व.२०....../........../............महिना**

| सि.नं. | मिति | शीर्षक | अङ्क भएमा | कैफियत |
|---|---|---|---|---|
| | | | | |

संलग्न कागजात

१. प्रकाशित अङ्क

२. रेकर्ड फाइल/ सिडी आदि

कावासोती नगरपालिकाको नगरकार्यपालिकाको बैठक बाट मिति २०८३/१/२० मा स्वीकृत भएको यो कार्यविधिकावासोतीनगरपालिकाको **"कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधी) नियमावली२०७५"**, को नियम (४)को उपनियम (१) बमोजिमप्रमाणीकरण गर्दछु ।

(महेश पाण्डे)

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८३/१/२३